नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०१/३०

## रुकुम(पश्चिम)जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

पछिल्लो समयमा जिल्लामा कोभिड-१९ संक्रमणदर तीव्र रुपमा बृद्धि हुँदै गएको हुँदा संक्रमण फैलावटको साङ्ग्लो तोड्न एवं संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक व्यवस्थापन गर्नका लागि नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) को सिफारिस समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम मिति २०७८।०१।१७ गते यस कार्यालयबाट जारी आदेशलाई निरन्तरता दिंदै यही मिति २०७८।०१।३१ गते राती १२:०० बजेदेखि मिति २०७८।०२।०७ गते राती १२:०० बजेसम्मका लागि यस जिल्लाभर देहाय अनुसारका आवश्यक सेवा र सोको लागि प्रयोग हुने सवारी साधन बाहेक अन्य सबै प्रकारका सेवा (बैंक तथा वित्तीय सेवा समेत), सवारी साधन, पसल व्यवसाय सञ्चालन र अत्यावश्यक कार्य बाहेक हिडडुलमा समेत निषेध गर्ने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ। यस आदेशमा उल्लेखित विषयहरुको पालना नगरेको खण्डमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ ।

१. सर्वसाधारणको आवतजावत तथा सतर्कता सम्बन्धमा

- औषधी, खाद्यवस्तु तथा अत्यावश्यक उपभोग्य वस्तु खरिद गर्न वा सेवा लिन परेमा वा आफ्नै खेतबारीमा कृषि कार्य गर्नुपरेमा बाहेक घर बाहिर ननिस्कने ।
- दुई व्यक्तिबीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम गर्ने ।
- अनिवार्य रुपले मास्कको प्रयोग गर्ने । पटक पटक साबुन पानीले हात धुने र सेनिटाइजरको प्रयोग गर्ने।
- विदेश, जिल्ला बाहिर तथा संक्रमित क्षेत्रबाट आउने व्यक्तिहरु इमान्दारिताका साथ कम्तिमा १० दिन होम क्वारेन्टीनमा बस्ने। संक्रमित व्यक्तिहरु निको नहुँदासम्म होम आइशोलेसन वा संस्थागत आइशोलेसनमा बस्ने।

२. सञ्चालन गर्न पाईने सेवा एवं कार्यहरु

स्वास्थ्य, शान्ति सुरक्षा, विद्युत, सञ्चार, खानेपानी, फोहोरमैला व्यवस्थापन, ग्याँस, पेट्रोलियम पदार्थ, तरकारी, खाद्य तथा दुग्ध पदार्थ, माछामासु पसल, औषधी पसल, बैंकको एटीएम सेवा जस्ता अति आवश्यक सेवाहरु एवं राष्ट्रिय गौरवका आयोजना लगायत अन्य सार्वजनिक निर्माणका कार्यहरु।

प्रमुख जिल्ला अधिकारी

फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np
मेरो गणना मेरो सहभागिता राष्ट्रिय जनगणना २०७८

पत्र संख्याः-०७७/०७८/प्रशासन

च.नं.

मुसिकोट रुकुम (पश्चिम)

मितिः- २०७८/०१/३०

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

३. सञ्चालन गर्न पाईने सवारी साधनहरु

- एम्बुलेन्स (चालक, बिरामी र कुरुवा गरी बढीमा ३ जना मात्रै सवार हुने), शववाहन, दमकल, झण्डावाल सरकारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु ।
- अत्यावश्यक सेवा सञ्चालनमा खटिएका जनशक्तिले प्रयोग गरेका सवारी साधनहरु (परिचयपत्र र तोकिएको पोशाक अनिवार्य हुने)
- जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएका कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचार तथा यस कार्यको व्यवस्थापन एवं अनुगमनका लागि प्रयोग हुने सरकारी नम्बर प्लेटका सवारी साधनहरु।
- औषधी तथा उपचारका सामग्री, खाद्यान्न, तरकारी, फलफूल, दुध र दुग्धजन्य पदार्थ, कुखुरा तथा कुखुराका दाना, खानेपानीका ढुवानी सेवाहरु ( ढुवानी साधनमा चालक र सहचालक गरी बढीमा २ जना मात्र सवार हुनुपर्ने)
- हवाइजहाजबाट यात्रा गर्न जानेका हकमा हवाईटिकट देखाई एयरपोर्टसम्म जान र फर्कन दिने।
- सञ्चारकर्मीका हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न दिने।

४. माथि उल्लेख गरिएका सवारी साधन बाहेक अन्य अत्यावश्यक काम ( अस्पताल जाने आउने बिरामी मृत्यु संस्कार आदि) का लागि जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने ।

५. सार्वजनिक निर्माणका लागि ढुवानी गर्न प्रयोग हुने साधनहरु सञ्चालन गर्दा निर्माण कार्य गर्ने आयोजना/कार्यालय/निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने।

६. जिल्लाभित्र तथा जिल्ला बाहिर सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्न रोक लगाउने।

७. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, तालिम, भौतिक उपस्थितिमा हुने सिकाईका क्रियाकलापहरु, सिनेमाहल, पुस्तकालय, संग्राहलय, पार्टि प्यालेस, मनोरन्जन स्थल, सैलुन, ब्युटी पार्लर, घर बाहिर खेलिने सबै प्रकारका खेलकुद आदि सञ्चालन गर्न नपाइने।

८. औषधी पसलहरु जुनसुकै समयमा निर्वाध रुपमा सञ्चालन गर्न सकिने। दैनिक उपभोग्य वस्तु (खाद्य, तरकारी, दुध, माछामासु, ग्याँस) का पसल बिहान ६:०० बजेबाट ९:०० बजेसम्म मात्र मास्क, स्यानीटाइजर, भौतिक दुरी लगायत जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गरी सञ्चालन गर्ने । अन्य सम्पूर्ण पसल व्यवसाय तथा होटल, रेष्टुरेन्ट सञ्चालन नगर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०१/३०

९. विवाह व्रतबन्धको कार्यक्रम गर्दा बढीमा १० जनासम्म (दुलहा दुलही दुवै पक्षको गरी) सहभागी गराई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी आफ्नै घरमा मात्रै गर्न सक्ने, होटल, पार्टी प्यालेस वा मन्दिरमा गर्न नपाउने र सो प्रयोजनका लागि सवारी साधन प्रयोग गर्नुपर्दा सम्बन्धित स्थानीय वडाको सिफारिसमा १ वटा मात्र सवारी साधन प्रयोग गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने ।

१०. नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन गर्न नपाइने ।

११. जिल्लाका सरकारी तथा सार्वजनिक कार्यालयका प्रमुखले आलोपालो पद्धति अनुसार एक चौथाई कर्मचारी खटाई कार्यालयको आन्तरिक कार्य गर्ने। माथि उल्लेखित अत्यावश्यक सेवा वाहेक अन्य नियमित सार्वजनिक सेवा हाललाई स्थगित गर्ने।

१२. सार्वजनिक निर्माण कार्यका लागि खटिने कर्मचारी तथा कामदारलाई निर्माणस्थलमा नै खाने बस्ने व्यवस्था मिलाई प्रचलित स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गराएर मात्रै काममा खटाउने।

२०७८/०१/३०

(बद्रीनाथ गैह्रे)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी